## "सम्पत्ति" पत्रिकाका लागि लेख रचना उपलब्ध गराउने सूचना

यस विभागको वार्षिक प्रकाशन "सम्पत्ति" पत्रिकाको नयां अंक शीघ्र प्रकाशन गर्नु पर्ने सन्दर्भमा उक्त पत्रिकामा लेखहरु समावेश गर्न तपसीलका आधारहरु बमोजिम लेख रचनाहरु प्राप्त गरी प्रकाशित गर्ने निर्णय भएको हुँदा इच्छुक विद्वान लेखकहरुले मिति २०७५ साल फागुन १० गतेसम्ममा आफ्ना लेख रचनाहरु उपलब्ध गराउनु हुन अनुरोध छ ।

१. लेखहरु मुख्यत: Anti Money Laundering, Combating Terrorist Financing, Financial/Banking Crime and Financial Investigation सम्बन्धी विषयहरुमा केन्द्रित रही व्यवहारिक, प्रयोगात्मक र अन्य मुलुकहरुको अभ्यास र अनुभवसँग र मुद्धा विश्लेषणसँग सम्बन्धित भई लेख रचानाका साथ सन्दर्भ सामग्री समेत समावेश भएको हुनु पर्नेछ ।

२. लेख रचना A4 आकारमा, नेपाली लेखहरु UNICODE र अंग्रेजी लेखहरु TIMES NEW ROMAN फन्टमा १५०० देखि ४००० शब्दसम्मको हुनु पर्नेछ ।

३. लेख रचना पठाउँदा आफ्नो संक्षिप्त परिचय (बायोडाटा), ईमेल र फोन नं. उपलब्ध गराउनु पर्नेछ ।

४. उक्त लेखहरुको Soft Copy समेत उपलब्ध गराउनु पर्नेछ ।

५. लेखहरु Email ID: basnetkamal0@gmail.com वा santoshpaudel@outlook.com मा समेत पठाउन सकिनेछ ।

६. प्राप्त लेख रचनाहरु मध्ये प्रकाशनको लागि उपयुक्त लेख रचना छनौट गर्ने अधिकार सम्पादक मण्डलमा निहित रहनेछ ।

७. लेख रचनामा व्यक्त गरिएका विचार लेखकका स्वतन्त्र एवं निजी विचारहरु भएकाले उक्त लेखको जिम्मेवार स्वयं हुनु हुनेछ । यसको लागि विभाग र सम्पादक मण्डल जवाफदेही हुने छैनन् ।

८. यसमा प्रकाशित लेख रचनाका लागि पारिश्रमिकको व्यवस्था गरिएको छ ।

९. उल्लेखित विषयवस्तुमा आधारित भई नविन सिद्धान्त, विधि, प्रविधि र व्यवहारिक पक्षलाई आत्मसाथ गरी अनुसन्धानमुलक, विचारमूलक, विश्लेषणात्मक र मौलिक लेखहरुलाई प्राथमिकता दिइने छ ।

सम्पादक मण्डल
सम्पत्ति पत्रिका